# विपश्यना

साधकहरूका लागि प्रेरणा पत्र

बुद्ध वर्ष २५४१ श्रावण २०५४ वर्ष १४ अङ्क ४


## धम्मवाणी

*बनप्पगुम्बे यथा फुस्सितग्गे,*
*गिम्हान मासे पठमस्मिं गिम्हे ।*
*तथूपमं धम्मवरं अदेसयि,*
*निब्बानगामिं परमं हिताय ॥*

रतन सुत्तं

**गीष्म ऋतुको प्रारम्भिक महिनामा जुन प्रकार सघन प्रफुल्लित वृक्षशिखर शोभायमान हुन्छ, त्यस्तै प्रकारले भगवान बुद्धद्वारा उपदिष्ट निर्वाण तर्फ लैजाने परम हितकारी यो लोकोत्तर-धर्म शोभायमान छ। बुद्धमा यस्तो श्रेष्ठ रत्न निहीत छ। यस सत्य बचनको प्रभावले स्वस्ति होस्! मंगल होस्!**

यस्तो हुनुहुन्थ्यो गुरुदेव

## गुरुदेव ऊ वा खिन

१९ जनवरी, परम पूज्य गुरुदेव ऊ वा खिनको स्मृति दिवस् हो। सन् १९७१ मा यही दिन बर्माको यो सन्त गृहस्थले ७२ वर्षको उमेरमा आफ्नो शरीर त्याग्यो। हामी पनि यही महापुरुषको गुण-गणको स्मरण गरेर आफ्नो जीवनको लागि प्रेरणा प्राप्त गरौं।

गुरुदेव ऊ वा खिनको सबभन्दा ठूलो बिशेषता थियो उनको कर्मठता। ७२ वर्षको उनको लामो जीवन अथक कर्ममयले बित्यो। सारा जीवन कठीन श्रम र त्यस श्रमको मिठा फलहरूले भरिएको थियो। एक अत्यन्त अभावग्रस्त गरीब आमा-बाबुको परिवारमा जन्म लिएर पनि उनले आफ्नो कर्मनिष्ठाको बलले सारा जीवन सुख, शान्ति एवं संतोषपूर्वक ब्यतीत गर्न सफल भए। विद्यार्थी जीवनमा पनि अत्यन्त कुशाग्र र परिश्रमी भएको कारणले आफ्नो कक्षामा सर्वोकृष्ट स्थान हासिल गरिरहे। मैट्रिकको परीक्षा पनि उच्च अंकले पास गरे र सरकारी छात्रवृत्ति हासिल गरे। तर उनको आर्थिक स्थिति यस्तो गएगुज्रेको थियो कि हजार चाहेर पनि कलेजको शिक्षा प्राप्त गर्न सकेन। बाध्य भएर कुनै सरकारी कार्यालयमा एक निम्न श्रेणीको क्लर्कको नोकरीले आफ्नो जीवन चर्या आरम्भ गरे। तर आफ्नो निस्वार्थता, मिहेनत र कर्तब्यनिष्ठाको बलले उनी स्वाधीन बर्माको प्रथम अकाउन्टेण्ट जनरल बने। जब कि उनको स्कूल जीवनका सहपाठीहरू विश्वविद्यालयको उच्च शिक्षा प्राप्त गरेर पनि कुनै विभागको अध्यक्ष बन्न पाएका थिएनन्। उनीहरूको तुलनामा उनी केवल मैट्रिकसम्म मात्र पढेर पनि एक साथ र एक विभागको अध्यक्ष मात्र नभई चार-चार सरकारी निगमहरूको अध्यक्ष पदमा आसीन रहनुकासाथै कतिवटा सल्लाहकार समितिहरूको सदस्य पनि बनिरहे।

यी सबै पदहरू केवल नाममात्रका थिएनन्। एक एक पद कुनै पनि सञ्चालकहरूलाई दिन-रात ब्यस्त राखनकालागि पर्याप्त थिए। तर ऊ वा खिन यस्तो ब्यक्ति थियो जसले एकै साथ यति धेरै पदहरूको उत्तरदायित्व विना थकावतले, मुस्कुराएर निभाउन सक्थे। जसले उनी काममा संलग्न भएको देख्दथे उसले मात्र कल्पना गर्न सक्दथ्यो कि कोही एक ब्यक्ति यति धेरै कार्य कसरी गर्न सक्दछ ? यति धेरै जिम्मेदारीलाई उनले एकदम सहज रूपले निभाए कि उनको कार्यकालमा प्रत्येक विभागमा उपलब्धिहरूको जुन कीर्तिमान कायम भएको थियो त्यो आजसम्म कुनै विभागमा हुन सकेको छैन। यसै कारणले नै ५५ वर्षको उमेरमा सरकारी सेवाबाट अवकाश प्राप्त गरेपछि पनि सरकारले उनलाई थप १२ वर्षसम्म सेवामा लगाईराख्यो। ६७ वर्षको उमेरमा उनी जब सेवाबाट मुक्त भए तब पनि सरकारी अनिच्छाले यति लामो शासन-सेवा केवल बर्मा देशको लागि मात्र होइन सम्भवत: विश्व भरका सबै सरकारहरूको लागि अनौठो नै छ। आफ्नो दायित्वमा अनवरत लागि रहनु र आलस्यलाई नजिक आउन नदिनु, यही पूज्य गुरुदेवको सबभन्दा ठूलो गुण थियो।

उनको दोस्रो ठूलो विशेषता थियो सत्य-निष्ठा। इमान्दारी उनको स्वभावको अंग बनेको थियो। उनी जुन सरकारी पदहरूमा आसीन थिए, त्यसमा रहेर अन्य कुनै पदाधिकारीहरू भ्रष्टाचारबाट मुक्त हुन सकेका थिएनन्। त्यो त्यस्तो ठाउँ थियो जहाँ बसेर ऊ वा खिन जस्तो सत्यवादी ब्यक्ति मात्र वेदाग रहन सक्यो। उहाँ आफू मात्र भ्रष्टाचारबाट मुक्त भएन आफ्ना अनेक साथीहरू, सहयोगीहरू तथा सहकारीहरूलाई समेत त्यसबाट अलग रहन सक्षम बनाईदिए। सरकारी दायित्व निभाउनुको साथसाथै एकतर्फ धन वैभव तथा पद प्रतिष्ठाको प्रलोभनबाट अलग रहे भने अर्को तर्फ राजनैतिक नेताहरु र मन्त्रिहरुको भय र आतंकको दवावमा आएर कुनै पनि फैसला गर्नबाट बचिरहे। उनको निर्भयता केवल ऊ नू र ऊ बा श्वेको नागरीक सरकारको समयमा मात्र होइन जेनरल नेविनको सैनिक सरकारको समयमा पनि यसरी नै दृढ रहे। निडर भएर सदैव सत्य र न्यायको नै पक्ष लिईरहे। ठूलोभन्दा ठूलो कार्य पूरा गर्नको लागि पनि सानो झूठ बोल्नु उनको स्वाभावको विरुद्ध थियो।

सरकारी सेवाबाट निवृत्ति पाइसके पछि उनको एउटा ठूलो धर्मकामना थियो – विदेशमा गएर यस मंगलमय विपश्यना मार्गको प्रचार-प्रसार गर्ने, जसबाट संतप्त मानवले साँचो सुख-शान्ति प्राप्त गर्न सकोस्। परन्तु सरकार उनलाई विदेश जानको लागि पासपोर्ट दिन सक्दैनथे। देशको यस्तै नियम थियो। केही सिमित कारणलाई लिएर मात्र पासपोर्ट दिने नियम थियो। उनका सहकर्मीहरूले आफ्नो आवेदन-पत्रमा जीवन यापनको लागि बाहिर विदेशमा कसैकहाँ नोकरी गर्न जाँदै गरेको कुरा उल्लेख गरेमा पासपोर्ट पाउँछ भनेर सल्लाह पनि दिए। तर यो त सर्वथा असत्य थियो। असत्यको सहारा लिनु अरू कसैलाई मञ्जुर भए तापनि ऊ वा खिनको लागि नितांत अस्वीकार्य थियो। धर्म-सेवाको निमित्त कहीं जानको लागि अन्तिम समयसम्म उनले चाहे तर असत्यको सहारा लिएन।

Downloaded from http://www.dhamma.digital

सन् १९४२ को फेब्रअरी-मार्च महिनाको कुरो हो। जापानी सेना रंगून र टौंगू जीतेर उत्तर बर्माको क्षेत्रतिर बढ्दै थियो। अंग्रेजी सरकार बर्मा छोडेर भारत भाग्दैथियो। ऊ वा खिन ती दिनहरूमा रेल्वेको अकाउण्ट अफिसर थिए; उनी माण्डलेमा थिए। एक दिन जापानीहरूले माण्डलेमा जोडदार बम बर्साए। जसमा स्टेशन सहित रेल्वेको कार्यालय पनि नष्ट भयो। रेल्वेको सबैभन्दा ठूला विदेशी अधिकारीहरू माण्डले छोडेर मेमियो तथा लाश्यो तर्फ भागे। लाश्योबाट हवाइजहाज चढेर भारतमा भाग्ने योजना थियो। ऊ वा खिन माण्डलेमा नै बसे, उनलाई त भारत जानु थिएन। बमवारी पछि जब देशमा केही समयको लागि शान्ति भयो तब उनी रेल्वेको क्षतिग्रस्त कार्यालयको निरीक्षण गर्न गए। आगोबाट जलेका सामाग्रीहरूको बिचमा कार्यालयको सेफ सुरक्षित थियो। साँचो उनीसंगै थियो। फाल्तु चीजहरूको थुप्रोलाई अलग्याएर कुनै प्रकार ले सेफ खोले र रेल्वेको सम्पत्ति निकाले तर त्यो सरकारी रुपैयाँ थियो। ती रुपैयाँ भाग्न लागेको सरकारलाई सुम्पनु आवश्यक थियो। ऊ वा खिन जान्दथे कि यस प्रकार बदल्दै गरेको राज्यको अस्त-व्यस्त स्थितिमा कसले सोध्छ कि पैसा कहाँ गयो ? फेरि भाग्दै गरेको मालिक सोध्नको लागि कहाँ आउँछ ? त्यसो भए पनि ऊ वा खिन त्यसको एक पैसा पनि आफूलाई लिन चाहँदैनथिए। घरमा उनको बच्ची बिरामी थियो। त्यसको लागि औषधि उपचारको सख्त आवश्यकता थियो। तर ऊ वा खिनको अन्त:सकरणमा उनको कर्तव्यले आवाज दिइरहेको थियो। आफ्नो छटपटिरहेको परिवारलाई छोडेर तुरून्त जीपद्वारा मेमियो प्रस्थान गरे र आफूभन्दा ठूला अफिसरलाई सारा सम्पत्ति सुम्पिदिए र सन्तोषको श्वास लिंदै परिवारको देखभालको लागि माण्डले फर्क्यो। यस्तो थियो उनको सत्यनिष्ठा। यस प्रकारका घटनाहरूले उनको सारा जीवन भरीभराऊ थियो।

करूणा र मैत्रीको त उनी साक्षात अवतार थिए। सरकारी जिम्मेवारीहरूमा त्यस्तो ब्यस्तता भए तापनि उनको मनमा धेरैभन्दा धेरै मानिसहरूको धर्म-सेवा गर्ने उत्साह देखिन्थ्यो। यस्तो ब्यस्त जीवनमा पनि उनी प्रत्येक महिना साधना शिविर सञ्चालन गर्ने समय निकाल्दथ्यो। कोही दु:खी संतप्त ब्यक्ति उनीसंग धर्म सिक्न आएमा त आफ्नो हजार असुबिधाहरूलाई अवहेलना गरेर उसलाई धर्म सिकाउँदथे। कहिले कांही त केवल एक-दुई साधकका लागि शिविर लगाउँदथे र उनीहरूका लागि आफू कडा परिश्रम गर्दथे। प्रत्येक साधक साधिकाको प्रति उनको मनमा असीम वात्सल्यता उम्लिरहन्थ्यो। साधक-साधिकाहरू आफ्नो छोराछोरी जस्तै लाग्दथे। मृत्युको ३ दिन अगाडिसम्म एउटा शिविर सञ्चालनको कार्य पूरा गरे। मृत्युको एक दिन अगाडिसम्म एक-दुई साधकहरूलाई धर्म सिकाइरहे। समस्त प्राणीहरू प्रति उनको मनमा असीम प्यार भरेको हुन्थ्यो, आश्रममा रहने साधकहरू जान्दथे कि उनको असीम मैत्री-भावनाको कारण त्यहाँको सर्प, विच्छु आदिले आफ्नो हिंसाभाव त्यागीदिएका थिए, तिनीहरूले टोक्दैनथ्यो। सबै प्राणी उनको मैत्रीबाट प्रभावित थिए। आश्रमको कण कण प्रेम रसले भिजेको थियो। त्यहाँको रूख विरूवाको पनि बढी प्यारले सेवा गर्दथे; डाली-डालीमा, पात-पातमा उनको अन्तरको प्यार छचल्किरहन्थ्यो। उनको मैत्रीको तरंगको प्रभावले त्यस तपोभूमिको फल र फूलको रंग रूप अत्यन्त सुन्दर थियो, त्यहाँको वसन्तको सुगन्ध अनौठो थियो।

एक समय बर्मा जस्तो धनधान्य देशमा अकालको जस्तो स्थिति उत्पन्न भयो। उपज कम भयो। सरकारले चामलको राशनिंग गर्नुपर्‍यो। जनता यस स्थितिबाट अत्यन्त ब्याकुल थिए। त्यस समय आफ्ना दु:खी देश प्रति गुरुदेवको करूणा असीम भई उठ्यो। उनको वाणीमा मात्र होइन उनको रोम-रोममा यही ध्वनी समाइरहेको थियो **"फीतो भवतु लोको च राजा भवतु धम्मिको"**। यस घटनाको केही समयपछि नै भारतमा अकाल पर्‍यो, लगातार दुई वर्षसम्म यस्तै स्थिति रह्‍यो। उनको करूणा फेरि सजीव भई उठ्यो। उनले आश्रमको एक सिमानामा हिमालयको प्रतिकृति बनाई राखेका थिए। दिनहुँ त्यसको नजिकै उठेर ध्यान गर्दथे र समग्र भारत प्रति आफ्नो मंगल कामना गर्दथे - "मैले थाहा नपाएर कति पटक भारतमा जन्मे हुँला र त्यस पवित्र हिम-प्रदेशमा ध्यान भावनाको लागि वर्षौं बसेहुँला। आज त्यो देशको जनता संतप्त छन्, तिनीहरूलाई सुख-शान्ति मिलोस्; सबै जनता धर्म-बिहारी बनोस्।" कहिले काहीं भन्दथे "भारत त अवश्य जानु पर्दछ। बर्मामाथि भारतको आध्यात्मिक ऋण छ, त्यो फिर्ता गर्नुपर्दछ। मलाई प्राप्त भएको यो अनमोल विपश्यना पद्धति भारतको नासो हो। मैले यसलाई फर्काउनुछ। आफ्नो यो हराएको विधि फिर्ता पाएर भारत धन्य हुनेछ। थाहाछैन त्यस समय त्यस देशमा पूण्य-पारमिताले पूर्ण कति जना जनता थिए होलान्। तिनीहरूलाई सद्धर्मको थोरै मात्र चेतावनी जागृत गरिदिएँ भने पनि तिनीहरू तुरून्त धर्मको मार्गमा आरूढ भएर आफ्नो कल्याण गर्न सक्दछन्।"

उनी स्वयं त भारत जान सकेनन्, तर उनको आदेशानुसार उनको धर्म-पुत्रद्वारा जब यहाँको जनतालाई विपश्यना दिन लागें त उनको प्रसन्नताको सीमा रहेन। उनका सन्देशहरूमा अपरिमित मंगल-मैत्री छचल्केर छर्न थाले।

यस पूण्य दिवसमा यस महापुरुषको गुणहरूको स्मरण गरी हामी पनि प्रेरणा पाऔं र आफ्नो जीवनमा उनको जस्तो कर्तव्य-निष्ठा, सत्य-निष्ठा, निष्काम सेवा-भाव, मैत्री र करूणा भर्ने प्रयास गरौं। यही कल्याणकर छ, मंगलकर छ र यही श्रेयस्कर छ।

(साभार: **धर्म ज्योति**, विपश्यना विशोधन विन्यास, बम्बई, १९८५) धर्मपुत्र
. स.ना.गो.

## अमूल्य कोशेली

राज्यको शासक भएको कारणले विभिन्न साम्प्रदायिक वर्गहरूलाई प्रसन्न राख्नको लागि मगध नरेश बिम्बिसारले त्यसबेलाका सम्पूर्ण आचार्यहरू सित मान सम्मान स्थापित गरिराखेका थिए। उनीहरूलाई जुन प्रकारले पहिला दान-दक्षिणा दिएर संतुष्ट राखेका थिए पछि पनि त्यस परम्परालाई कायमै राखिरहे। भगवानको पनि यही आदेश थियो कि आफ्ना पूर्व आचार्यहरूलाई दिंदै गरेको दान-दक्षिणामा कमी आउन नपाओस्।

परन्तु राजा बिम्बिसार भगवान बुद्ध र उनबाट सिकाइएको साम्प्रदायिकताविहीन शुद्ध धर्मप्रति अनन्यभावले समर्पित थिए। उनले यही मार्गमा लागेर स्वयं सत्यको साक्षात्कार गरेका थिए र स्रोतापन्न भएका थिए। उनको श्रद्धा अटूट थियो।

### त्यस समयको एउटा घटना।

रोरूब नगरको शासक महाराज तिष्य। टाढा भएको कारणले दुई शासक एक अर्कोसंग आपसमा भेटघाट हुन नसके तापनि राजदूतहरूको माध्यमबाट परस्परमा संदेशको आदान-प्रदान

Downloaded from http://www.dhamma.digital

भइरहेको थियो र यसै माध्यमबाट उनी राजा बिम्बिसारको घनिष्ट मित्र बनेका थिए। उनलाई आफ्नो परम मित्र मान्न लागेको थियो ।

एकपल्ट महाराज तिष्यले आफ्नो परम मित्र तथा सहायक महाराज बिम्बिसारलाई आफ्नो राजदूत मार्फत बहुमूल्य बस्त्राभूषण र मणिहरूद्वारा सजिएको थाल उपहार स्वरूप पठाए । बिम्बिसार ज्यादै प्रसन्न भए । उनले पनि आफ्नो मित्रलाई उपहार पठाउनु थियो । रत्नहरूको उपहार नै उपयुक्त थियो । परन्तु यस्ता उपहार तर पहिला धेरै पटक पठाईसकेका थिए । यस पटक कुनै अनौठो किसिमको उपहार पठाउने उनको इच्छा थियो । बुद्धको शरणमा आइसकेका बिम्बिसारको मनमा एकाएक यस्तो कुरा आयो –

**यं किञ्चि वित्तं इध वा हुरं वा,**
**सग्गेसु वा यं रतनं पणीतं ।**
**न नो समं अत्थि तथागतेन,**
**इदम्पि बुद्धे रतनं पणीतं ॥**
**इदम्पि धम्मे रतनं पणीतं ॥**
**इदम्पि संघे रतनं पणीतं ॥**

यी जति पनि भौतिक रत्न सम्पदा यहाँ मसंग छ अथवा त्यहाँ मेरो मित्रकहाँ छ अथवा जति पनि बहुमूल्य रत्न स्वर्गलोकमा छ त्यसमध्ये कुनै रत्नको तुलना त्यस रत्नसंग गर्न सकिदैन जुन कि तथागतसंग छ, यस्ता अमूल्य रत्न बुद्धमा, धर्ममा र संघमा छन् । किन म यस्तो सर्वोत्तम, सर्वमाङ्गल्यमय अनुपम रत्न आफ्नो मित्रलाई नपठाऊँ ।

अत: उनले एकजना कुशल कलाकारलाई बोलाएछ र एउटा चित्रपटमा बुद्ध कथा अंकित गर्न लगाए । यस्तो हुनुहुन्छ भगवान अर्हत सम्यक् सम्बुद्ध जो शाक्य वंशको राजकुलमा जन्मे र सत्यको खोजीमा घरबाट निस्कि अरण्यवासी हुनुभयो । विभिन्न साधना पद्धतिहरूको अभ्यासद्वारा पनि लक्ष्य सिद्धि नभएपछि स्वयं प्रयत्न गरेर विपश्यना पद्धति खोजी निकाल्नु भयो र त्यसको अभ्यास गरेर सम्यक् सम्बुद्ध हुनुभयो । करूण चित्तले वाराणसीको मृगदाय वनमा धर्मचक्र प्रवर्तन गर्नुभयो फेरि मानिसहरूप्रति अनुकम्पा राखेर बहुजनको हित सुखको लागि, राजा र प्रजाको भलोको लागि उहाँले शुद्ध धर्मको प्रज्ञापन गरिरहनु भएको छ जुन कि आदिमा कल्याणकारी छ, मध्यमा कल्याणकारी छ र अन्तमा कल्याणकारी छ । यस्तो धर्म जुन केवल परिपूर्ण छ, केवल परिशुद्ध छ । परिपूर्ण यस अर्थमा कि शील, समाधि र प्रज्ञा निहीत यस आर्य अष्टांगिक मार्गमा अरू केही पनि थप्नु आवश्यक छैन । किनभने यसमा केही कमी छैन । परिशुद्ध यस अर्थमा कि यसबाट कुनै निकाल्न आवश्यकता छैन; किनकि यसमा अलिकति पनि अशुद्धि छैन । तथागत धर्मलाई शब्दको स्तरमा मात्र होइन, अर्थको स्तरमा बुझाउँदै राम्रोसंग व्याख्या गर्नुहुन्छ । केवल सिद्धान्तको स्तरमा मात्र होइन, व्यवहारको स्तरमा प्रकाश पार्नु हुन्छ । यस ब्रम्हाचरणलाई, आफ्नो आचरणलाई स्वयं आफ्नो जीवनमा उतारेर प्रकाशित गर्नुहुन्छ ।

यस्तो धर्म जुन राम्रोसंग सुआख्यात छ, जुन सांदृष्टिक छ, जसमा काल्पनिक मान्यताको कुनै स्थान छैन, जुन अकालिक छ अर्थात् जसलाई पालना गरेपछि यहीं फल प्राप्त हुन्छ, जसलाई कोही पनि आएर जान्नसकिन्छ, जुन मुक्तिको लागि सीधा मार्ग हो र ठीक समझदार मानिसको निम्ति स्वयं अनुभव गर्न योग्य छ ।

यस्ता छन् यी विशुद्ध मार्गमा लाग्ने साधकसंघ जो स्रोतापन्न छन् अथवा सकृदागामी छन् अथवा अनागामी छन् अथवा अर्हन्त छन् । यिनैले पूज्य छन् । अनुत्तर पुण्य क्षेत्र छन् ।

यस्ता छन् ती अनुत्तर धर्मशासन, यस्तो हुनुहुन्छ यो सद्धर्मको महाकारुणिक शास्ता, यस्ता छन् यी शास्ताद्वारा अनुशासित बिमल श्रावक संघ ।

अर्को एउटा स्वर्णपत्रमा प्रतीत्य-समुत्पादको सिद्धान्त कोर्न लगाए । जब छ: इन्द्रियहरूमा त्यससंवन्धित विषयको संस्पर्शले संवेदना हुन्छ, तब अविद्याको कारणले गर्दा रागद्धेषमयी तृष्णा जाग्छ र यसरी दु:खको आरम्भ हुन्छ । आफ्नै नासमझले त्यसको संवर्धन हुन थाल्छ । अर्को तर्फ विपश्यना विद्याद्वारा यी इन्द्रियहरूको निरोध भएपछि स्पर्श स्वत: निरोध हुन्छ त दु:ख नै निरोध हुन थाल्छ । नयाँ संस्कार बन्दैन र पूरानो सवै कमजोर भएर जान्छ अनि साधकले स्वत: विमुक्त अवस्था प्राप्त गर्दछ ।

सार्वजनिक सार्वकालिक, सार्वदेशिक धर्म नियामताको यो सिद्धान्त एउटा स्वर्ण पत्रमा अंकित गराए । यो चित्रपट र स्वर्णपत्रलाई आफ्नो मित्र तिष्यकहाँ पठाई दियो जुन कि अमूल्य रत्न भएको हुनाले मित्रको लागि अन्यन्त कल्याणकारी सावित भयो ।

तिष्यले जब यी धर्म रत्नको संदेश पढ्यो उसको मनमा तीव्र धर्म संवेग जाग्यो । संसारमा कुनै ब्यक्ति बुद्ध भएको छ ! र मुक्तिदायक शुद्ध धर्म सिकाईरहेछ । अनि हजारौंको संख्यामा मानिसहरूले त्यसको अभ्यास गरेर विमुक्त अवस्थाको साक्षात्कार यहीं यही जीवनमा गरीरहेछ । यो संदेश साँच्चिकै ज्यादै प्रेरणादायक थियो । तिष्यले आफ्नो राजपाट त्यागे, घरवार छोडे र राजगिरी आएर भगवानको शरण ग्रहण गरे । उनले प्रव्रजित भएर उहाँबाट विपश्यना साधना सिके र कठोर परिश्रम गरेर अचिरकालमा नै मुक्त अवस्था प्राप्त गरे, तिष्य स्थविर अर्हन्तहरू मध्ये एक भए ।

मुक्तिको त्यस अवस्थामा उनले धर्मको जुन गाथा गाए त्यो यस्तो छ ।

**हित्वा सतपलं कंसं सोव्वणं सतराजिकं ।**
**अग्गहिं मत्तिकापत्तं इदं दुतिया' भिसेनच ॥**

गह्रौ पित्तलको पात्र र वहुमूल्य सुन्दर सुचित्रित सुवर्ण पात्रलाई परित्याग गरेर यो जुन माटोको भिक्षापात्र ग्रहण गरें, यही मेरो दोश्रो अभिषेक हो ।

पहिलो अभिषेक त विभिन्न नदीहरू र राजपुष्करणीहरूको जलले गरेको राज्याभिषेक थियो जुन कि कत्तिको नश्वर र कत्तिको निस्सार थियो । परंन्तु यो दोश्रो अभिषेक शुद्ध धर्मामृतले गऱ्यो जुन कि कत्तिको कल्याणकारी र स्वास्तिमुक्ति प्रदान गर्ने सावित भएको छ ।

धन्य छ यो दोश्रो अभिषेक ! कत्तिको सार्थक ! कत्ति सफल !

धन्य छ सन्मित्रको अमूल्य धर्म उपहार ! कत्तिको सार्थक ! कत्तिको सफल !!

कल्याण मित्र
स.ना.गो.

**धर्मश्रृङ्गमा आगामी महिनाहरूमा संचालन हुने शिविर कार्यक्रम :–**

१) निम्न कार्यक्रमहरू मध्ये आफूलाई अनुकूल शिविरमा सम्मिलित हुनु पूर्व कृपया आचार संहिता पढ्नुहोस् । कमसेकम दुई हप्ता अगाडि आवेदन-पत्र भरेर व्यवस्थापनमा सम्पर्क राख्नुहोस् ।

२) शिविरको प्रारम्भ शुरूदिनको साँझ हुनेछ र समाप्त अन्तिम दिनको विहान करीव सात बजे हुनेछ ।

शिविरार्थीहरूलाई अनुरोध छ कि शिविर शुरू हुने दिनमा नै शिविर स्थलमा आउनु होला, त्यसभन्दा अगाडिको वा पछाडिको दिनमा होइन ।

Downloaded from http://www.dhamma.digital

३) शिविरमा आउँदा साथमा टर्च, तन्ना, ओढ्ने (सल) तथा मौसम अनुकूलको लुगा र दैनिक उपयोगका सामानहरू ल्याउन नभूल्नु होला ।

४) शिविरको संचालन पूज्य गुरुजीद्वारा मनोनित सहायक आचार्यबाट हुनेछ ।

सेप्टेम्बर १ - १२
(भाद्र १६ - २७) - दश दिवसीय

सेप्टेम्बर १३ - २४
(भाद्र २८ - ८ आश्विन) - दश दिवसीय (केवल मलेसीयाका साधकहरूका लागि मात्र)

सेप्टेम्बर १४ - २५
(भाद्र २९ - ९ आश्विन) - दश दिवसीय

अक्टोबर १ - १२
(आश्विन १५ - २६) - दश दिवसीय

अक्टोबर १४ - २५
(आश्विन २८ - ९ कार्तिक) - दश दिवसीय

अक्टोबर १७ - २५
(कार्तिक १ - ९) - सत्तिपट्ठान (पुराना साधकका लागि)

नाभेम्बर १ - १२
(कार्तिक १६ - २७) - दश दिवसीय

नोभेम्बर १४ - २५
(कार्तिक २९ - १० मंसिर) - दश दिवसीय

### पहिलो दश दिवसीय शिविर

"धम्म तराई" लालपर्सा विरञ्जमा पहिलो पटक दश दिवसीय शिविर संचालन हुँदैछ । आगामी सेप्टेम्बर ३ देखि १४ तारिखसम्म हुने उक्त शिविर श्री एस. अदवियप्पा ज्यूले संचालन गर्नुहुनेछ । उक्त शिविरमा ५० जना साधक साधिकाहरू सम्मिलित गर्ने व्यवस्था छ । यस शिविरमा भाग लिनु भई अमूल्य विद्या सिक्ने मौका प्राप्त गर्नुहोस् ।

## धर्म गाथा

### हिन्दी

बुद्ध रतन सा जगत में, अन्य रतन ना कोय ।
बुद्ध रतन जिसको मिले, धरमवन्त हो सोय ॥

धरम रतन सा जगत में, अन्य रतन ना कोय ।
धरम रतन जिसको मिले, मुक्त सहज ही होय ॥

संघ रतन सा जगत में, अन्य रतन ना कोय ।
संघ रतन जिसको मिले, धरमवन्त हो सोय ॥

शुद्ध धरम सा जगत में, अन्य नहीं उपहार ।
जिसे मिले, धारण करे, होवे भव सें पार ॥

मित्र वही जो धर्म का, दे अमूल्य उपहार ।
हो कृतार्थ पा कर जिसे, मिले शान्ति का सार ॥

सुखिया दायक धरम का, सुखिया ग्राहक होय ।
दोनों का मंगल सधे, दोनों का हित होय ॥

मंगल कामना सहित
मदन कृष्ण कायस्थ
रोडहाउस क्याफे, ठमेल
फोन नं. ४२५९८२

### नेपाली

छैन रत्न बुद्ध जस्तो, जगतमा अन्य रत्न कुनै ।
पाए रत्न बुद्ध जस्तो, धर्मवन्त बन्छ उनी नै ॥

छैन रत्न धर्म जस्तो, जगतमा अन्य रत्न कुनै ।
पाए रत्न धर्म जस्तो, मुक्त सजिलै हुन्छ नै ॥

छैन रत्न संघ जस्तो, जगतमा अन्य रत्न कुनै ।
पाए रत्न संघ जस्तो, धर्मवन्त बन्छ उनी नै ॥

छैन शुद्ध धर्म जस्तो, जगतमा अन्य कुनै उपहार ।
जसले पायो, धारण गऱ्यो, हुन्छ भवबाट पार ॥

मित्र उही हो धर्मको, दिन्छ जसले अमूल्य उपहार ।
होऊ कृतार्थ पाएर त्यही, पाउँछ जसले शन्तिको सार ॥

धर्म बाँड्ने सुखी हुन्छ, सुखी हुन्छ ग्रहण गर्ने ।
दुबै मंगल लाभी होउन्, दुबै हित, सुख चाहने ॥

मंगल कामना सहित
भाजुरत्न फर्मा
वीरगञ्ज ।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मशृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५/३७१००७ *२०५४ असार*

*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०/२-२३९६८/२-४८९४९/२-५०५८१

मुद्रक : **न्यू नेपाल प्रेस**, अफिस फोन : २२१० ३२, फ्याक्स : (+९७७-१) २२५ ४५०, प्रेस : ४२१ ४५०/४१४ ७५३

साधकको नाम : ..............................

ठेगाना : ..............................
..............................
..............................

जि.प्र.का.द.नं. ३८/५१/५२

हुलाक द. नं. १४/५१/५२

● वार्षिक शुल्क रू. २४/-

Downloaded from http://www.dhamma.digital